# सुर्नया गाउँपालिका
Surnaya Gaupalika
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

रौलेश्वर, बैतडी
Rauleshwar, Baitadi
२०७३

सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

प.सं.(Ref. No): २०८२/८३
च.नं.(Des. No): —

## मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८२/०४/१६)

यस सुर्नया गाउँपालिकालाई आ.व. २०८२/८३ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/८२ को व्यवसाय नवीकरण भएको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र सुर्नया गाउँपालिकाको आर्थिक ऐन, २०८२ अनुसार व्यवसाय/फर्म दर्ता शुल्क रु. ५०० मात्र यस गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा भएको सक्कलै भौचर संलग्न गरि सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची २ (क) बमोजिमको ढाँचामा निवेदन पेश गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क. मालसामान खरिद तथा आपुर्ति सम्बन्धी कार्यहरु**

- **स्टेशनरी तथा मसलन्द सामानहरुः** कार्यालयको दैनिक कामकाजमा प्रयोग हुने पेपर, फाइल, कलम, पेन्सिल, स्टिच जस्ता सामानहरु आपूर्ति गर्ने कार्य ।
- **छपाई सम्बन्धी कार्यहरुः** लेटर प्याड, रजिष्टर, बिभिन्न फारामहरु, प्रतिवेदन तथा पुस्तक, पत्रपत्रिका तथा बुलेटिन जस्ता प्रेस सम्बन्धी कार्यहरु ।
- **पत्रपत्रिका तथा पुस्तक सम्बन्धितः** प्रकाशित पत्रपत्रिका तथा पुस्तकहरु खरिद तथा एजेन्सि लिई बिक्री वितरण गर्ने सम्बन्धी कार्यहरु ।
- **फर्निचर तथा फिक्चर्स सम्बन्धितः** काठ, स्टील तथा प्लास्टिकका फर्निचर र फिक्चर्समा पर्ने सामानहरु आपूर्ति गर्ने सम्बन्धी कार्यहरु ।
- **ईलेक्ट्रोनिक उपकरणहरुः** टेलिफोन, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, युपिएस जस्ता उपकरणहरु ।
- **सवारीसाधन तथा सो का पार्टपुर्जाहरुः** मोटरसाइकल, साइकल तथा गाडीका टायर ट्यूब तथा अन्य पार्टपुर्जाहरु आपूर्ति तथा फिटिङ सम्बन्धी कार्यहरु ।
- **मेसिनरी तथा उपकरणहरुः** इलेक्ट्रोनिक्स समूहमा नपरेका अन्य उपकरणहरु, सर्भे औजारहरु लगायत विभिन्न मेसिनरी उपकरणहरु ।
- **विज्ञापन, सूचना, प्रकाशन तथा प्रशारणः** रेडियो, टेलिभिजन, पत्रपत्रिका वा अन्य माध्यमबाट विज्ञापन तथा सूचनाको प्रकाशन तथा प्रशारण गर्ने गराउने सम्बन्धी कार्यहरु ।
- **विद्युतीय सामानहरुः** हिटर, पंखा, तार, स्वीच, बिजुलीका बल्ब, ट्यूबलाइट तथा विद्युतीकरणका लागि आवश्यक अन्य सामानहरु ।
- **कृषि वीउ विजन तथा विषादी**
- **विभिन्न प्रकारका औषधि तथा सर्जिकल सामाग्री**

**ख. सेवा र परामर्श सेवा तर्फ**

- **कम्प्युटर तथा सूचना प्रविधिः** कार्यालय संचालन तथा सूचना तथ्याङ्क भण्डारण, विश्लेषण तथा प्रतिवेदन जस्ता कार्य गर्न निर्मित कम्प्युटर सफ्टवेयरहरु ।
- **इन्टरनेट तथा संचार सेवाः** सिधै वा अन्य कम्पनीको मध्यस्थतामा प्रदान गरिने इन्टरनेट सेवा, नोटिस बोर्ड सेवा, टेलिफोन सम्बन्धी कार्यहरु ।
- **औषधि तथा मेडिकल सामाग्री आपूर्तिः** व्यवस्था विभाग, आयुर्वेद विभाग वा पशु सेवा विभाग जस्ता नियमनकारी निकायबाट स्वीकृत भए बमोजिमका विभिन्न औषधिहरु, सर्जिकल सामानहरु, ल्याब रसायनहरु जस्ता मेडिकल सामानहरु आपूर्ति सम्बन्धी कार्यहरु ।
- **खानेपानी आपूर्ति तथा धारा जडान सम्बन्धि कार्यहरुः** मिनरल वाटर (जार तथा बोतल) आपूर्ति, ट्यांकरबाट खानेपानी आपूर्ति गर्न वा खानेपानीका लागि इनार, ट्यूबवेल, धारा आदि जडान गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

- **इन्धन तथा अन्य इन्धन आपूर्ति सम्बन्धी कार्य:** ग्यास, पेट्रोल, डिजेल, मट्टीतेल, लुब्रिकेन्ट्स, दाउरा, इन्भर्टर, ब्याट्री, सोलार उपकरणहरु।
- **स्यानेटरी (सरसफाई) का सामानहरु:** शौचालय, धारा निर्माण एवं सरसफाईमा प्रयोग हुने विभिन्न उपकरण तथा सामाग्रीहरु।
- **अध्ययन अनुसन्धान तथा अन्य परामर्श सम्बन्धी कार्यहरु:** विभिन्न विषयमा हुने इन्जिनियरिङ्ग सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा प्रतिवेदन तयार सम्बन्धी कार्यहरु।
- **मेन्टिनेन्स सम्बन्धी कार्यहरु:** हार्डवेयर, सर्भिसिङ, मेन्टिनेन्स, सफ्टवेयर कस्टोमाइजेसन, टोनर, रिफिलिङ आदि सम्बन्धि कार्यहरु।
- **सफ्टवेयर निर्माण:** विभिन्न प्रकारका सफ्टवेयर, एप्लिकेशन तथा वेबसाइट निर्माण सम्बन्धी कार्यहरु।
- **डकुमेन्ट्री तथा वृत्तचित्र निर्माण:** सार्वजनिक निकायको काम कार्यवाही झल्कने गरी निर्माण हुने श्रव्य दृश्य सामग्री, रेडियो, पत्रिका, वृत्तचित्र आदि निर्माण सम्बन्धी कार्यहरु।
- **कार्यक्रम व्यवस्थापन:** विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, अन्तर्क्रिया, छलफल तथा बैठकको संचालन व्यवस्थापनमा सहयोग सम्बन्धी कार्यहरु।
- **चेतना अभिवृद्धि सम्बन्धी कार्यहरु:** नागरिक चेतनाको लागि आयोजना हुने चेतनामूलक कार्यक्रम, सडक नाटक, सार्वजनिक सुनुवाई जस्ता कार्यहरु।
- **सशक्तिकरण, सबलिकरण, मूल प्रवाहीकरण जस्ता कार्यहरु:** साक्षरता कक्षा, महिला, पिछडिएका वर्ग, जनजाती समुदायको सशक्तिकरण एवं मूल प्रवाहीकरणका लागि संचालन हुने सभा, प्रशिक्षण, गोष्ठी, तालिम आदि कार्यहरु।

**ग. सार्वजनिक निर्माण सम्बन्धी सेवाहरु:**

**सार्वजनिक निर्माण/मर्मत सम्बन्धी कार्यहरु:** जनसहभागिता परिचालन गरी निर्माण हुने साना सिंचाई, तटबन्धन, ग्रामीण सडक निर्माण, सामुदायिक भवन निर्माण जस्ता स्थानीय स्तरमा हुने निर्माण कार्यक्रमहरु।

भवन, सडक, सिंचाई, तटबन्धन, खानेपानी योजना जस्ता नयाँ संरचनाहरु निर्माण तथा निर्माणको हैसियतमा मर्मत सम्भार गर्नु पर्ने सम्बन्धित कार्यहरु।

- **रंगरोगन तथा सजावट सम्बन्धी कार्यहरु:** भवन तथा झ्याल, ढोका, फर्निचर, विभिन्न संरचना र कम्पाउण्डमा रंगरोगन गर्ने तथा पर्दा, कास्टिङ, फ्लोरिङ आदि सम्बन्धि कार्यहरु।

**घ. अन्य सेवाहरु:**

- **नर्सरी निर्माण तथा बिरुवा उत्पादन र आपूर्ति:** काँडेतार, पोलिथिन ब्याग, बीऊ, औजार, माटो तथा मल आदि र उत्पादित बिरुवा सम्बन्धी कार्यहरु।
- **अन्य सामग्री तथा सेवाहरु:** माथिका समूह तथा उपसमूहमा नपरेका र खरिद गर्नु अगाडी सूचीकृत गर्नु पर्ने प्रकारका वस्तु, सामग्री वा सेवाहरु।
- **वन तथा वातावरण संरक्षण, प्रवर्धन गरि स्थानीय स्तरमा हुने निर्माण सम्बन्धी कार्यक्रमहरु:** वृक्षारोपण, बिरुवा उत्पादन, वनजंगल तथा वन्यजन्तुको संरक्षण, डढेलो नियन्त्रण, हरित विकास कार्यान्वयन जस्ता कार्यक्रमहरु।

२०८२/८/१५

**प्रमुख प्रशासकीय अधिकृत**



Scanned with CamScanner